# हिमालयन पावर पार्टनर लिमिटेड
# Himalayan Power Partner Ltd.

पो.ब.नं. १२५३८, महाराजगञ्ज, काठमाडौं, फोनः ९७७-१-४००२८०१, फ्याक्सः ९७७-१-४४१४५१७
E-mail: hpphydro@gmail.com, Website: www.hpp.com.np

## १३औं वार्षिक साधारण सभा बस्ने बारेको सूचना

(पटक प्रकाशित मिति २०८३/०३/११ गते)

**श्री आदरणीय शेयरधनी महानुभावहरु,**

हिमालयन पावर पार्टनर लिमीटेडको मिति २०८३/०३/१० गतेका दिन बसेको सञ्चालक समितिको ८१औ बैठकको निर्णयानुसार कम्पनीको वार्षिक साधारण सभा निम्नलिखित मिति, स्थान र समयमा निम्न विषयहरु माथी छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। साधारण सभाका दिन निम्न लिखित मिति, स्थान र समयमा शेयरधनी महानुभावहरुलाई उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ।

**सभा हुने मिति, समय र स्थान :**

**सभा हुने मिति** : २०८३ साल आषाढ महिना ३२ गते बिहिबार ।
**सभा हुने स्थान** : अम्रपाली ब्यांक्वेट, बालुवाटार, काठमाण्डौं ।
**सभा शुरु हुने समय** : बिहान ९:०० बजे ।

**छलफलका विषयसूचीहरु :**

**क. सामान्य प्रस्तावहरुः**

१. संचालक समितिको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन पारित गर्ने।
२. वार्षिक आर्थिक विवरण, लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात तथा मिति २०८१ श्रावण १ देखि २०८२ आषाढ मसान्तसम्मको नाफा-नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण सम्बन्धी विषयमा छलफल गरी स्वीकृत गर्ने।
३. आर्थिक वर्ष २०८२/०८३ का लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा।
४. संचालक समितिको निर्वाचन गर्ने सम्बन्धमा।
५. स्वतन्त्र संचालक नियुक्त गर्ने सम्बन्धमा।

**ख. विशेष प्रस्तावहरुः**

१. कम्पनीले सामाजिक उत्तरदायित्व अन्तरगत गरेको आर्थिक सहयोग रकम रु.१,४३,००० लाई अनुमोदन गर्ने सम्बन्धमा।
२. कम्पनीको प्रबन्धपत्र र नियमावली संशोधन गर्ने।
३. कम्पनीको प्रबन्धपत्र र नियमावलीमा भएको संशोधन सम्बन्धित नियमनकारी निकायहरुबाट कुनै संशोधन, फेरवदल वा थपघट गर्न कुनै सुझाव वा निदेशन प्राप्त भएमा वा त्रुटी सच्याउनु परेमा सोही बमोजिम आवश्यक संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

**ग. विविध सम्बन्धमा**

सञ्चालक समितिको आज्ञाले,
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी थप जानकारी :**

१. साधारण सभा प्रयोजनका लागि कम्पनीको शेयर दाखिल खारेज (शेयर दर्ता किताब) मिति २०८३/०३/१८ गते बिहीबारको दिन बन्द रहनेछ। दाखिल खारेज (शेयरधनी दर्ता पुस्तिका) बन्द हुनुभन्दा अघिल्लो दिनसम्म अर्थात मिति २०८३/०३/१७ गते बुधबार सम्ममा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई शेयर नामसारी भई कायम भएका शेयरधनीहरुले उक्त साधारण सभामा भाग लिन, मतदान गर्न पाउने व्यहोरा अनुरोध छ।
२. कम्पनीको साधारण सभाको सूचना, वार्षिक प्रतिबेदन, वित्तीय विवरण आदि शेयरधनी महानुभावहरुले कम्पनीको वेबसाइट www.hpp.com.np हेर्न र डाउनलोड गर्न सक्नु हुनेछ।
३. कम्पनीको कार्यालय महाराजगञ्ज, काठमाण्डौंमा ४८ घण्टा अगावै प्रोक्सी दर्ता गराई सक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सी) नियूक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी हुन आवश्यक छ।
४. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा प्रोक्सी दिइएको भए तापनि स्वतः वदर हुनेछ।
५. एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरि प्रोक्सी दिएमा सम्पूर्ण प्रोक्सीहरु स्वतः बदर हुनेछ।
६. नावालक वा विछिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लागत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न सक्नु हुनेछ।
७. शेयरधनीहरुले व्यक्त गरेका मन्तब्य वा प्रश्नहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्षज्यूले वा अध्यक्षको अनुमति पाएका व्यक्तिले उत्तर दिइनेछ।
८. सभामा भाग लिने प्रत्येक शेयरवाला महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ। हाजिरी पुस्तिका बिहान ८:०० वजेदेखि सभा समयसम्म खुल्ला रहनेछ।
९. संचालक समितिको निर्वाचन सम्बन्धी विस्तृत कार्यक्रम सहितको सूचना निर्बाचन अधिकृत मार्फत कम्पनीको रजिष्टर्ड कार्यालय, महाराजगंज, काठमाण्डौंको सूचना पाटीमा टाँस गरिनुका साथै कम्पनीको वेवसाइट www.hpp.com.np मा समेत राखिने छ।
१०. साधारणसभा सम्बन्धी थप जानकारीको लागि कम्पनीको रजिर्ष्टर्ड कार्यालयको फोन नं. ४००२८०१ मा सम्पर्क राख्नुहुन अनुरोध छ।